# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०७८।७९
चलानी नं.: ४३२३

२०७९।३।१५
मितिः ..............................

विषयः निर्णय प्रतिलिपि पठाइएको ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरबार, काठमाण्डौं ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक ।
श्रीमान् प्रमुखज्यू/ श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका ।
श्री वडाध्यक्षज्यूहरु (सबै), बनेपा नगरपालिका ।
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै) बनेपा नगरपालिका ।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका ।
बनेपा नगरपालिका ।
श्री ... ... .... ... ...शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय ।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९ असार ९ गते बिहिबार बसेको नगर कार्यपालिकाको बैठकको निर्णय प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

कार्यार्थ
श्री सूचना प्रविधि अधिकृत
बनेपा नगरपालिका । – *वेभसाइटमा राखी सम्बन्धित शाखां तथा वडामा मेल समेत गर्ने ।*

०७९।३।१६

प्रकाश आचार्य
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

छलफलका विषयहरु:

१. बनेपा नगरपालिकाको आ.व. २०७९।०८० को नीति, बजेट तथा कार्यक्रम सम्बन्धमा,
२. विषयगत समिति गठन सम्बनधमा,
३. उपभोक्ता समिति गठन कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा,
४. नगरपालिकाका लागि सुरक्षा कर्मी (गार्ड) माग सम्बन्धमा,
५. विविध ।

-::निर्णय::-

१. गत बैठकको निर्णय समिक्षा गरियो ।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ र राष्ट्रिय योजना आयोगबाट स्वीकृत भएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम बनेपा नगरपालिका देहाय बमोजिमका विषयगत समितिहरुमा तपसिल बमोजिम संयोजक तोक्ने निर्णय गरियो ।

| क्र.सं. | समितिको नाम | संयोजकको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास समिति | श्री रमेश दाहाल | वडाध्यक्ष, बनेपा ३ | |
| २ | सामाजिक विकास समिति | श्री चन्द्रबहादुर खड्का | वडाध्यक्ष, बनेपा १० | |
| ३ | पूर्वाधार विकास समिति | श्री श्यामसुन्दर श्रेष्ठ | वडाध्यक्ष, बनेपा ४ | |
| ४ | वन,वातावरण तथा विपद् व्यवस्थानपन समिति | श्री शिवकुमार थापा | वडाध्यक्ष, बनेपा ११ | |
| ५ | संस्थागत विकास तथा सुशासन समिति | श्री शुभलक्ष्मी मानन्धर | वडाध्यक्ष, बनेपा ८ | |
| ६ | विधायन समिति | श्री बलराम अधिकारी | वडाध्यक्ष, बनेपा ५ | नगर सभामा स्वीकृतिका लागि प्रस्तुत गर्ने । |
| ७ | लेखा समिति | श्री हिटलर शाक्य | वडाध्यक्ष, बनेपा ७ | नगर सभामा स्वीकृतिका लागि प्रस्तुत गर्ने । |

३. बनेपा नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

४. बनेपा नगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको मिति २०७९ जेष्ठ २७ गतेको बैठकबाट आए अनुमान प्रक्षेपण भए बमोजिम बनेपा नगरपालिकाको आगामी आ.व. २०७९।०८० का लागि आन्तरिक आय कुल रु. ३३,२४,२७,०००। भएको अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

५. यस नगरपालिकाको कार्यालय भवन तथा बसपार्क स्थित टर्मिनल भवनको सुरक्षार्थ सुरक्षाकर्मी (सुरक्षा गार्ड) आपूर्ति गर्ने सेक्युरिटी गार्ड सेवा प्रदायक संस्थाहरु मार्फत प्रतिस्पर्धा गराई ६ जना गार्ड आपूर्ति गरी काम लगाई रहिएको र मिति २०७९ असार मसान्तबाट म्याद समाप्त हुने भएकाले आगामी आ.व. २०७९।०८० का लागि वार्षिक अधिकतम रु. १३,००,०००। कायम हुने गरी ६ जना सुरक्षाकर्मी आपूर्तिका लागि प्रक्रिया अगाडी बढाउने र नयाँ सुरक्षाकर्मी आपूर्ति नभएसम्म साविक सेवा प्रदायक संस्थाबाट आपूर्ति गरिएका सुरक्षाकर्मीहरुबाट नै कार्य सञ्चालन हुने व्यवस्था मिलाउने निर्णय गरियो ।

६. यस नगरपालिकामा करार सेवामा नियुक्त भई कार्यरत कर्मचारीहरु मध्ये यस अगाडी पोशाक भत्ता नपाएका कर्मचारीहरुलाई चालु आ.व. २०७८।०७९ बाटै उक्त भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

७. बनेपा नगरपालिकाको नगर सभाको दशौं अधिवेशनबाट अनुमोदनका लागि देहाय बमोजिमका प्रस्तावहरु प्रस्तुत गर्ने निर्णय गरियो ।

...कीय अधिकृत

बनेपा नगर कार्यपालिकाको देहायको विषयहरुमा छलफल गर्न आज मिति २०७९ असार ९ गते बिहिबार बिहान ८:०० वजे नगर प्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसि विभिन्न निर्णयहरु गरियो ।

-:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री नृपेश वादे | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रवहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव | श्री प्रकाश आचार्य<br>प्रमुख प्रशासकीय अधिकृत | उपस्थित |

प्रशासकीय अधिकृत

क. बनेपा नगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको मिति २०७९ असार ६ गतेको बैठकबाट सिफारिस भई आएको बनेपा नगरपालिकाको आर्थिक विधेयक, २०७९ कर तथा गैरकर राजस्वका श्रोत तथा दर र आ.व. २०७९।०८० का लागि सिफारिस गरिएको कुल रु. ३३,२४,२७,०००। (तेतीस करोड चौबीस लाख सताईस हजार) आन्तरिक आय अनुमान प्रस्ताव स्वीकृतिका लागि आगामी नगरसभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

ख. बनेपा नगरपालिकाको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०७९।३।७ गतेको बैठकबाट निर्णय भई पेश भएको बनेपा नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को लागि कुल रु. १,५५,२४,८४,०००। (एक अरब पचपन्न करोड चौबीस लाख चौरासी हजार) आयव्यय भएको बजेट सिलिङ्गका आधारमा बजेट तथा कार्यक्रम समितिबाट बजेट विनियोजन गरी आगामी नगर सभामा स्वीकृतिका लागि प्रस्तुत गर्ने निर्णय गरियो ।

ग. बनेपा नगरपालिकाको आगामी आ.व. २०७९।०८० का लागि नगर प्रमुखज्यूबाट प्रस्तुत भएको नीति तथा कार्यक्रम आगामी नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

घ. यस नगरपालिकाद्धारा संचालित आयोजनाहरुको जाँचपास फरफारक गर्न गठित जाँचपास समितिबाट आ.व. २०७८।०७९ मा पटक पटक बैठक बसी जाँचपास तथा फरफारक भएका योजना तथा कार्यक्रम अनुमोदनका लागि नगरसभामा प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

ङ. यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७८।०७९ मा संझौता भई कार्यादेश भएका तर भुक्तानी हुन बाँकी रहन जाने आयोजनाहरुको सम्बन्धमा यस आ.व.मा खर्च नभई मौज्दात रहने रकमवाट व्यहोरिने गरी भुक्तानीको व्यवस्था मिलाउन कार्यपालिका बोर्डलाई अधिकार प्रत्यायोजनका लागि नगर सभामा प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

च. महालेखा परीक्षकको कार्यालयबाट बनेपा नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ को अन्तिम लेखा परीक्षण भई प्रारम्भिक प्रतिवेदन पाप्त भई सोको प्रतिक्रिया पठाई अन्तिम प्रतिवेदन समेत प्राप्त भएकाले उक्त प्रतिवेदन उपर छलफल हुँदा प्रतिवेदनमा उल्लेख भई आएका सुझावहरुलाई कार्यान्वयन गर्ने गरी उक्त प्रतिवेदन स्वीकृतिका लागि नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

छ. बनेपा नगर कार्यपालिकाका लागि चालु आ.व. २०७८।०७९ सम्ममा मौजुदा रहेको दरबन्दी तथा संगठन स्वरुपलाई स्वीकृत गरी निरन्तरता दिन नगर सभामा प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

ज. बनेपा नगर कार्यपालिकाको कार्यालय अन्तर्गत कार्यरत अस्थायी, करार र ज्यालादारी सेवाका कर्मचारीहरु मध्ये आवश्यक कर्मचारीहरुको आ.व. २०७९।०८० का लागि समेत म्याद थप गर्ने अधिकार कार्यपालिकामा प्रदान गर्न नगर सभामा प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

झ. बनेपा नगरपालिकाको न्यायिक समितिबाट आर्थिक वर्ष २०७८।०७९ मा सम्पादन भएका कामको वार्षिक विवरण स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५३(२) बमोजिम जानकारीका लागि नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

ञ. बनेपा नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७५ को दफा ६०(२) बमोजिम आ.व. २०७८।०७९ सम्म सुचिकरण तथा अध्यावधिक भएका मेलमिलापकर्ताहरुको सूची आगामी आ.व. २०७९।०८० का लागि समेत अध्यावधिक गर्नका लागि नगर सभामा प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

ट. चालु आर्थिक वर्ष २०७८/०७९ मा सञ्चालित आयोजनाहरु मध्ये वडा समितिवाट सिफारिस भएर कार्यपालिकाबाट स्वीकृत भै कार्यान्वयन गरिएका वडा स्तरीय आयोजनाहरु अनुमोदनका लागि नगर सभामा प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

ठ. यस नगरपालिकाको आवस्यकता अनुसार विभिन्न मितिहरुमा कार्यपालिका बैठकबाट गरिएका संशोधन एवं थप स्वीकृति अनुरुप सञ्चालन भएका आयोजनाहरु अनुमोदनका लागि नगर सभामा प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

ड. यस वर्षका आयोजना कार्यान्वयनको क्रममा रहेका तर विभिन्न कारणले सम्पन्न हुन नसकी आगामी आ.व. २०७९।०८० मा सम्पन्न हुने योजनाहरुको विवरण स्वीकृत गरी अधूरो रहन जाने आयोजनाहरु आगामी आर्थिक वर्षको अशोज मसान्त भित्र सम्पन्न गर्ने गरी व्यवस्था मिलाउन स्वीकृतिका लागि नगर सभामा प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

ढ. आगामी आर्थिक वर्ष २०७९/०८० मा कार्यान्वयन गरिने वडा स्तरीय आयोजनाहरु वडाको सिफारिस बमोजिम कार्यपालिका बैठकवाट स्वीकृत गर्न अधिकार प्रत्यायोजन गर्न अनुमोदनका लागि नगर सभामा प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

ण. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त भएका वित्तीय हस्तान्तरण अन्तर्गतका सशर्त, समपुरक तथा विशेष अनुदान र प्रधानमन्त्री रोजगार अनुदानका कार्यक्रमहरु तोकिए बमोजिम नै खर्च गर्ने गरी बजेटमा समाहित गर्न नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

त. बनेपा नगरपालिकाका उपप्रमुख बाट आगामी आर्थिक वर्ष २०७९।०८० को बजेट तथा कार्यक्रम नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

थ. बनेपा नगरपालिकाको आ.व. २०७९।०८० को बजेट तथा कार्यक्रममा समावेश गर्नका लागि नगर क्षेत्रभित्र सञ्चालित गैरसरकारी संस्थाहरुले पेश गरेका बजेट तथा कार्यक्रम नगरपालिकाको बजेट तथा कार्यक्रम पुस्तिकामा समावेश गर्न प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

द. बनेपा नगरपालिकाको मिति २०७९ असार १० गते हुने नगर सभाको दशौं अधिवेशनं सञ्चालनका लागि देहाय बमोजिमको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो ।

बनेपा नगरपालिका
नगर सभाको दशौं अधिवेशन
२०७९ असार १०
कार्यसूची

| कार्यक्रम | अनुमानित समय | कैफियत |
|---|---|---|
| सभाका सदस्यहरुको आगमन र जलपान | ८:००-८:४५ | |
| १. सभाका सदस्यहरु सभा कक्षमा प्रवेश तथा उपस्थिति | ८:४५-९:०० | |
| २. नगर सभाका अध्यक्ष एवं बनेपा नगरपालिकाका प्रमुखज्युको सभामा आगमन | ९:०० | |
| ३. सभाध्यक्षबाट आशन ग्रहण र राष्ट्रिय गान तथा नगर गान प्रस्तुती | ९:००-९:१० | |
| ४. सभाध्यक्षबाट दीप प्रज्वलन गरी सभाको शुभारम्भ- मंगलध्वनी | ९:१०-९:१५ | |
| ५. सहिदहरुको सम्मानमा एक मिनेट मौन धारण | ९:१५- ९:२० | |
| ६. सभाध्यक्षबाट बनेपा नगरपालिकाको आ.व. ०७९।०८० को नीति तथा कार्यक्रम सभामा प्रस्तुत | ९:२०-१०:०० | |
| २० मिनेटका लागि बैठक स्थगन | १०:००-१०:२० | |
| ७. नीति तथा कार्यक्रम उपर छलफल र निर्णय | १०:२०-१०:५० | |
| ८. बनेपा नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० का लागि तयार भएको आर्थिक विधेयक २०७९ उपप्रमुख श्री बिमला सापकोटाबाट सभा समक्ष टेबुल | १०:५०-११:३० | |
| आर्थिक विधेयक उपर छलफल र निर्णय | ११:३०-१२:०० | |
| मिति २०७९ साल असार .. गते नगर सभाको दशौं अधिवेशनको दोस्रो बैठक बस्ने गरी सभाध्यक्षबाट बैठक स्थगन | १२:०० | |
| दिवा खाना | | |

प्रमुख प्रशासकीय अधिकृत